# केन्द्रीय अनुसन्धान ब्यूरो महाराजगंज काठमाडौं
## “दण्डहिनता विरुद्ध CIB को अभियान”

महाराजगंज, काठमाडौं।
मिति २०७७/०४/११ गते।

**बिषय**:- प्रेस विज्ञप्ती

### “बैकिङ् कसूर मुद्दाका फरार प्रतिवादी पक्राउ”

कृष्णभक्त महर्जनको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी राजेन्द्र कुमार महर्जन भएको बैंकिङ् कसूर मुद्दामा सम्मानित उच्च अदालत पाटनको मिति २०७६।१०।२० गतेको फैसलाले जिल्ला काठमाडौं का.म.न.पा. वडा नं. १४, कलंकी घर भई जिल्ला ललितपुर महालक्ष्मी न.पा. वडा ४, इमाडोल बस्ने बर्ष ४७ को राजेन्द्र कुमार महर्जनलाई **१० दिन कैद र रु. १५,७५,०००/-**(पन्ध्र लाख पच्चहत्तर हजार रुपैंया) जरिवाना हुने ठहर भएकोमा उल्लेखित सजाय वेरुजू रही फरार रहेका निजलाई आज मिति २०७७।०४।११ गते कलंकी, काठमाडौंबाट लुकिछिपि बसिरहेको अवस्थामा फेला पारी पक्राउ गरी फैसला कार्यान्वयनको लागि आजै सम्मानित ललितपुर जिल्ला अदालतमा पेश गरिएको ब्यहोरा सूचित गरिन्छ।

साथै, निज प्रतिवादीले आफ्नो नेपाल इन्भेष्टमेन्ट बैंकमा रहेको खाता नंबर ०५२०५०५००६३९३० को खातामा पर्याप्त मौज्दात रकम नभएको भन्ने जानी-जानी जाहेरवालालाई झुक्यानमा पारि मिति २०७५/०५/०५ मा बैंक-चेक काटी दिएकोमा बैकिङ् कसूरजन्य अपराध गरेको ठहर गरी सम्मानित उच्च अदालत पाटनबाट निज प्रतिवादीको हकमा बैंकिङ् कसूर तथा सजाय ऐन २०६४ को दफा ३(ग) बमोजिमको कसूरमा दफा १५(१) बमोजिम फैसला भएको ब्यहोरा जानकारी गराईन्छ ।

**पक्राउ प्रतिवादी:-**

१. **नाम:-** राजेन्द्र कुमार महर्जन
**उमेर:-** ४७ बर्ष
ठेगाना:- जिल्ला काठमाडौं का.म.न.पा. वडा नं. १४, कलंकी घर भई जि. ललितपुर महालक्ष्मी न.पा. वडा ४, इमाडोल
**मुद्दा:-** बैंकिङ् कसूर
**कैद:-** १० दिन
**जरिवाना:-** रु. १५,७५,०००/-
**पक्राउ मिति:-** २०७७/०४/११ गते
**पक्राउ स्थान**:- कलंकी, काठमाडौं



प्रहरी उपरीक्षक
(वेल बहादुर पाण्डे)
प्रवक्ता
सम्पर्क नम्बर ९८५१२९१३११